# जिल्ला समन्वय समितिको कार्यालय,

## भक्तपुर, बागमती प्रदेश, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक २०८० वैशाख, जेठ र असार महिनामा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

२०८० श्रावण

स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन्। सूचनाको हकसम्बन्धी कानूनको मूलध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्नेक्रममा जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुरवाट आ.व. ०७९।०८० को त्रैमासिक २०८० वैशाख, जेठ र असारको सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ।

जिल्ला समन्वय समितिको कार्यालय,
भक्तपुर

# विषयसूची

१. जि.स.स.को स्वरुप र प्रकृति

२. जि.स.स.को काम, कर्तव्य र अधिकार

३. जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण

४. जि.स.स.बाट प्रदान गरिने सेवा

५. जि.स.स.को शाखा र जिम्मेवार अधिकारी

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निर्णय गर्ने प्रक्रिया र अधिकार

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ.ब.मा सञ्चालित कार्यक्रमहरु

१५. जि.स.स.को वेभसाइट

१६. जि.स.स.ले प्राप्त गरको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

१७. जि.स.स.ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

१८. जि.स.स.ले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधि

१९. जि.स.स.मा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विबरण

२०. जि.स.स.का सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

## जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण आ.व.०७९।०८०

### १. जि.स.स.को स्वरुप र प्रकृति

जिल्ला समन्वय समिति कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२०(१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभामाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा सात जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । भक्तपुर जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ५ जना सदस्य गरी जम्मा ७ जना पदाधिकारी रहनु भएको छ । भक्तपुर जिल्ला समन्वय समितिको वैठक प्रत्येक महिनाको पहिलो साता नियत रुपमा बस्ने गरको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वयसमितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि.श्रेणी) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवातर्फका कर्मचारीहरु कार्यरत रहेका छन् । नेपालको संविधानका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरको छ ।

### २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन् ।

**(क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु**

- जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन को कार्य गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ -

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्वन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सभ्काव वा मागर्दर्शन दिने र त्यसरी दिएका सुझाव वा मागर्दर्शनलाई सावर्जनिक गर्ने,
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सझाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने पदेश सरकारको मन्त्रालयलाई प्रत्येक आथिर्क वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक
- समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

**(ग) बागमती प्रदेश कानून र नियमावली बमोजिमका कार्यहरु**

**३. जिल्ला समन्वय समितिमा रहने कर्मचारी संख्या र कार्यविवरण**

जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरुको विवरण

| सि.नं. | पदाधिकारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री ईश्वर वहादुर थापा | प्रमुख |
| २ | श्री सुजाता वाडे वैद्य | उप प्रमुख |
| ३ | श्री विनु के.सी. | सदस्य |
| ४ | श्री विश्वराम त्वनावसु | सदस्य |
| ५ | श्री राममाया मिजार | सदस्य |
| ६ | श्री नानु कार्की | सदस्य |
| ७ | श्री मन्जु कार्की | सदस्य |

जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरण :

| सि.नं. | कर्मचारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री तीर्थ प्रकाश पौडेल | जि.स.अ./रा.प.द्वि. |
| २ | श्री लुमा श्रेष्ठ | रा.प.तृ/ शा.अ. |
| ३ | श्री विभिषण श्रेष्ठ | लेखापाल/रा.प.अनं. प्र. |
| ४ | श्री चिरनजिवि वन | नायव सुव्वा/रा.प.अनं.प्र. |
| ५ | श्री बद्री कोईराला | नायव सुव्वा/रा.प.अनं.प्र. |
| ६ | श्री कमला कार्की | नायव सुव्वा/रा.प.अनं.प्र. |
| ७ | श्री कल्पना खड्का | खरिदार /रा.प.अनं.दि. |
| ८ | श्री अम्विका दाहाल | का.स./श्रेणीविहिन |

जिल्ला समन्वय समितिमा हाल रिक्त रहेका पदको विवरण

१) ईन्जिनियर / रा.प.तृतिय (इन्जिनियर सभिल) श्रेणी प्राविधिक - १ (एक)
२) सव ईन्जिनियर रा.प.अन. (इन्जिनियर सभिल) प्रथम प्राविधिक - १ (एक)

.जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद/श्रेणी | कार्यरत शाखा |
|---|---|---|---|
| १. | श्री आशिष के.सी. | नासु(जि.स.स.प्रमुखज्यूको निजि सचिव ) | जिसस प्रमुखको निजि सचिवालय |
| २. | श्री भिमनाथ गेलाल | सवारी चालक | जि.स.स. प्रमुख |
| ३. | श्री सरोज न्यौपाने | सवारी चालक | जि.स.स. जिल्ला समन्वय अधिकारी |
| ४. | श्री शैलेन्द्र मलेकार | कार्यालय सहयोगी | सवै शाखा |
| ५. | श्री लक्ष्मण न्यौपाने | कार्यालय सहयोगी | सवै शाखा |
| ५ | श्री रमिता पोडे | सफाई कर्मचारी | सवै शाखा (आशिक समय) |

४. जिल्ला समन्वय समिति बाट प्रदान गरिने सेवाहरु :

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानुन बमोजिमका सवै सेवाहरु ।
- नागरिक बडापत्र तयार गरिएिको ।
- जि.स.स.बाट सम्पादन गरिने कामहरुको विवरण सार्वजनिक गर्ने गरिएको ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा र सूचना शाखा | शा.अ. श्री लुमा श्रेष्ठ | |
| २ | अनुगमन तथा मूल्यांकन शाखा | शा.अ.श्री लुमा श्रेष्ठ<br>ना.सु वद्री कोइराला<br>ना.सु. कमला कार्की<br>ख. श्री कल्पना खड्का | |
| ३ | लेखा शाखा | ले.पा. श्री विभिषण श्रेष्ठ | |
| ४ | स्टोर शाखा | ना.सु.श्री चिरन्जीवी वन | |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सवै सेवा निशुल्क रुपमा प्रदान हुने ।

**७. निर्णय गर्ने प्रकृया र अधिकार:**

- शाखासंग सम्वन्धित नियमित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने ।
- शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कायार्लय प्रमुखबाटै निर्णय हुने भनी तोकिएको विषयमा कार्यालय प्रमुखबाट निर्णय हुने । नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

- कार्यालयको दैनिक कामकाज सम्वन्धमा भएको निर्णय सम्वन्धी उजुरी -जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीको निर्णय सम्वन्धी उजुरी -जि.स.स. प्रमुख

**९. सम्पादन गरेका कामको विवरण (मिति २०८०साल वैशाख देखी असार मसान्त सम्मको त्रैमासिक विवरण)**

- २०८०।२।३ गते भक्तपुर जिल्ला स्थित कार्यालयहरुको विकास निर्माण, योजना तथा कार्यक्रमहरुको चालू आ. व. को हालसम्मको प्रगति समीक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न |
- मिति २०८०/०२/०४ र ऐ ०५ गते जिल्ला समन्वय समिति तथा स्थानीय तहका पदाधिकारीहरुको लागि आयोजित "तार्किक सार्वजनिक अभिव्यक्तिको संरचना" सम्वन्धी दुई दिने कार्यशाला सम्पन्न।
- जिल्ला समन्वय समितिको आयोजना र नेप्सेम्याकसंगको सहकार्यमा विश्व वातावरण दिवस जुन ५ २०२३ को अवसरमा आयोजित दिगो फोहोरमैला व्यवस्थापन सम्वन्धि एक दिवशीय अन्तरक्रिया कार्यक्रम चाँगुनारायण नगरपालिकाको छालिङ वडा न.५मा आयोजना गरियो ।
- जिल्ला समन्वय समिति , भक्तपुर को आयोजनामा भक्तपुर जिल्लालाई सडक मानवमुक्त जिल्ला बनाउने सम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०८०/०२/३१ गते सम्पन्न ।
- "Cultural Heritage In My City" मेरो सहरका सास्कृतिक सम्पदा " विषयमा भएको "First Silk Road International Youth Photography and Short Video Competition 2022" का विजेता र सहभागीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण कार्यक्रम जिल्ला समन्वय समिति, भक्तपुरको आयोजनामा मिति २०८०/०२/३२ गते सम्पन्न भयो
- जिल्ला समन्वय समिति भक्तपुरको आयोजनामा मिति २०८०/२/४ गते बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यशाला बैठक सम्पन्न ।
- मिति: २०८०/२/६ मा जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुरको आयोजनामा भक्तपुर जिल्लाका सामुदायिक विद्यालयहरुको अवस्था, चुनौति र भावि कार्यदिशा सम्बन्धी भक्तपुर जिल्ला स्थित विभिन्न सामुदायिक विद्यालयहरु तथा सरोकार निकायहरु बीच एक दिने अन्तरक्रिया कार्यक्रम आयोजनामा गरियो ।
- मिति २०८०/०३/०९ गते नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता,दोस्रो बागमती प्रदेश खेलकुद प्रतियोगिता तेहौं केन्द्रिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र बागमती प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका पदक विजेता खेलाडीहरुलाइ सम्मान कार्यक्रम जि.स.स.को आयोजना र जिल्ला खेलकुद विकास समितिको समन्वयमा सम्पन्न भयो ।

- मिति २०८०/३/१९ गते स्थानीय तहका पदाधिकारीहरु तथा अन्य सरोकारवाला निकायहरुको सहभागितामा बहुक्षेत्रीय पोषण सम्बन्धी क्षमता विकास तथा समन्वय सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- मिति २०८०/०३/२१ गते लैङ्गिक तथाा अन्य सामाजिक सुरक्षा सवालहरु विषयक अन्तरक्रियात्मक क्षमता विकास कार्यक्रम जिल्ला प्रशासन कार्यलयको समन्वयमा र जिल्ला समन्वय समितिको आयोजनामा सम्पन्न गरियो।
- संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न योजनाहरुको अनुगमन कार्य ।

**१०.सूचना अधिकारी र प्रमुखको नाम र पद**

- कार्यालय प्रमुख : जिल्ला समन्वय अधिकारी श्री तीर्थ प्रकाश पौडेल
- सूचना अधिकारी : शा.अ. श्री लुमा श्रेष्ठ
-

**११.ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

नेपालको संविधान

- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- गाँउ /नगर/जिल्ला सभा संचालन(कार्यविधि) ऐन, २०७५ (बागमती प्रदेश)
- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५(बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७६ (संघीय सरकार)
- वातावरण संरक्षण नियमावली, २०७७ (संघीय सरकर)
- वातावरण संरक्षण ऐन, २०७७ (बागमती प्रदेश)
- ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ (नेपाल सरकार)
- नदीजन्य पदार्थ (संकलन र उपयोग ) कार्यविधि, २०७५(बागमती प्रदेश)
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली २०७७
- प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली २०७८
- जिल्ला अनुगमन कार्यविधि २०७५
- जिल्ला सभा सञ्चालन कार्यविधि, २०७५
- संघ, प्रदेश र स्थानीय तह वीच अन्तरसम्वन्ध सम्वन्धी ऐन २०७७

**१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण**

| सि. नं. | विवरण | प्राप्त रकम | खर्च भएको रकम |
|---|---|---|---|
| १ | जि.स.स. अनुदान | १,३९,७५,०००/- | १,०१,९१,१६४/६६ |
| २ | कर्मचारी कल्याण कोष | ६२६२१.३३/- | ६२६२१.३३/- |

जि.स.स.को धरौटी रकम हाल जि.स.स.मा १,१०,२५,४३२।३७ धरौटी मौज्दात रहको ।

**१३.तोकिए बमोजिमका अन्य विवरण**

- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।
- विपद व्यवस्थापन समिति, लघु उद्यम विकास समिति, जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समिति, भूकम्प पुनर्निर्माण समन्वय समिति, प्राकृतिक स्रोतको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगायतका समितिमा तोकिए बमोजिम जि.स.स.को प्रतिनिधित्व गर्ने गरेको ।

**१४. अघिल्लो आ.व.मा जिल्ला समन्वय समितिले गरेका कार्यक्रम वा सञ्चालन गरेका आयोजनाको विवरण**

| | | |
|---|---|---|
| १) | जिल्ला समन्वय समितिको भक्तपुरको निवर्तमान जनप्रतिनिधिहरुको विदाई तथा नयाँ जनप्रतिनिधिहरुको स्वागत कार्यक्रम सञ्चालन । | मिति २०७९।२।३०गतेमा जिल्ला समन्वय समितिको भक्तपुरको निवर्तमान जनप्रतिनिधिहरुको विदाई तथा नयाँ जनप्रतिनिधिहरुको स्वागत कार्यक्रम सञ्चालन । |
| २) | जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखिकरण तथा क्षमता विकास तालिम सञ्चालन । | जि.स.स.का पदाधिकारी तथा कर्मचारीका लागि २०७०।३।६ र ७ गते क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको । |
| ३) | स्थानीय न्यायिक समितिको अनुगमन तथा अन्तरक्रिया गोष्ठी । | अन्तरिक मामिला तथा कानुन मन्त्रालय वागमती प्रदेशको कार्यक्रम अनुसार यस जिल्ला भित्रका स्थानीय तहहरुमा रहेको न्यायिक समितिको स्थलगत अनुगमन जि.स.स.उप-प्रमुख ज्यूको संयोजगत्वमा जि.स.स. सदस्य तथा कर्मचारीबाट अनुगमन गर्नुका साथै मिति २०७९।३।१९ गते कानुनी सहजकर्ता र कर्मचारी सहितको अन्तरक्रिया गोष्ठी सम्पन्न गरिएको । |
| ४) | जि.स.स.को मौज्दात कोष तर्फको योजना छनोट । | नेपाल सरकार द्वारा स्वीकृत जि.स.स मौज्दात कोष संचालन नियमावली वमोजिम यस जिल्लामा मौज्दात रहेको कोष वाट स्थानीय नगरपालिकाहरु वाट माग भए वमोजिम सूर्यविनायक नगरपालिका, चाँगुनारायण नगरपालिका, भक्तपुर नगरपालिका मध्यपुर थिमी नगरपालिकाका योजना समितिवाट छनोट भएको। |
| ५) | अनुगमन । | जिल्लाभित्र सञ्चालित स्थानीय पूर्वाधार विकास कार्यक्रम, प्रदेश पूर्वाधार विकास कार्यक्रम, जि.स.स. मौज्दात कोष अन्तर्गतका आयोजना, नगरपालिकाहरुबाट सञ्चालित योजना साथै जनतासंग प्रत्यक्ष सरोकार राख्ने कार्यालयहरुको निरन्तर अनुगमन गरिएको । |

| | | |
|---|---|---|
| ६) | जि.स.स.को जिन्सी हस्तान्तरण तथा व्यवस्थापन | जिल्ला समन्वय समितिको प्रयोगमा नआई थन्किएर रहेका फर्निचर, कम्प्युटर, मोटरसाईकल लगायतका जिन्सी सामग्री नगरपालिकाहरुबाट माग भए बमोजिम आवश्यकताको आधारमा विभिन्न नगरपालिकाहरुलाई हस्तान्तरण गरिएको । |

**१५.जिल्ला समन्वय समितिको वेभसाईट**

www.dccbhaktapur.gov.np

explore_bhaktapur.web.app/intro विद्युतिय सूचना केन्द्र सञ्चालनमा रहेको।

**१६ जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण यस अवधिमा कुनै पनि प्रकारको वैदेशिक सहयोग र सम्झौता नभएको ।**

**१७. जिल्ला समन्वय समितिले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तोकिए बमोजिमका कार्यहरु गर्न प्रत्येक महिनाको ६ गते जि.स.स. पदाधिकारीज्यू हरुको नियमित बैठक बस्ने गरेको र आवश्यकता अनुसार समय समयमा बैठक बस्ने गरेको । जि.स.स.ले जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एवं संघ संस्थाको कार्यप्रगति सम्वन्धी गर्ने गरेको समिक्षाको प्रतिवदेन बागमती प्रदेशका सबै मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने गरेको ।

**१८. जिल्ला समन्वय समितिले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि -**

जिल्ला समन्वय समितिका सवै सूचनाहरु हेर्न सकिने व्यवस्था रहेको ।

**१९.जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिईएको विवरण**

सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ बमोजिम सरोकारवालाहरुबाट मौखिक रुपमा माग भएका सूचनाहरु उपलब्ध गराईएको ।

**२०.जिल्ला समन्वय समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण**

- जिल्ला समन्वय समितिका सवै गतिविधिहरु वेवसाईट, समितिको फेसवुक पेज र कार्यालयको सूचनापाटी माफर्त नियमित रुपमा अद्यावधिक गरी सुचना प्रबाह गर्ने गरिएको ।
- जिल्ला समन्वय समितिले विद्युतिय सूचना केन्द्र explore_bhaktapur.web.app/intro सञ्चालनमा ल्याएको ।